बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम संस्थापना भई वित्तीय कारोवार गर्न चाहने र हाल वित्तीय कारोवार गरिरहेका बैंक तथा वित्तीय संस्थाहरुको हकमा लागू हुने गरी यो संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी देहाय वमोजिमको नीतिगत एवं प्रकृयागत व्यवस्था लागू गरिएको छ ।

# खण्ड "क"

## बैंक ⁄ वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्वन्धी नीतिगत एवं प्रकृयागत ब्यवस्थाः२०६३*

### १. चुक्ता पूँजी सम्वन्धमा

१.१ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४७ बमोजिम वित्तीय कारोवार गर्न सोही ऐनको दफा ३१ को प्रयोजनका लागि "क", "ख", "ग" र "घ" वर्गका बैंक वा वित्तीय संस्थाहरुको न्यूनतम चुक्ता पूँजी देहाय बमोजिम हुनु पर्नेछ ।

**बैंक तथा वित्तीय संस्थाहरुको वर्गीकरण र न्यूनतम चुक्ता पूँजी सम्वन्धी व्यवस्था**

**आवश्यक न्यूनतम चुक्ता पूँजी**

| वर्ग | राष्ट्रिय स्तर | क्षेत्रीय स्तर* | ४-१० जिल्ला* | १-३ जिल्ला* |
|---|---|---|---|---|
| "क" | रु. २०० करोड | | – | – |
| "ख" | रु. ६४ करोड | – | रु. ३० करोड a/<br>रु. २० करोड | रु. ३० करोड a/<br>रु. १० करोड |
| "ग" | रु. ३० करोड a/<br>रु. २० करोड | –<br>– | –<br>– | रु. ३० करोड a/<br>रु. १० करोड |
| "घ"b/ | रु. १० करोड | रु. ६ करोड# | रु. २ करोड c/ | रु. १ करोड |

* काठमाडौं उपत्यका बाहेक । यस्ता वित्तीय संस्थाहरुको कार्य क्षेत्र ⁄ परियोजना तोकिएका जिल्लाहरुमा सीमित रहने ।

a/ लिजिङ्ग कारोवार गर्ने वित्तीय संस्थाको हकमा मात्र लागू हुने ।

b/ लघुवित्त कारोवार मात्र गर्ने वित्तीय संस्था ।

c/ पहाडि क्षेत्रका थप ५ जिल्लामा समेत ।

# विकास क्षेत्र भित्र सञ्चालन हुने ।

१.२ बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने संस्थापक समूहले कम्तीमा ५१ प्रतिशत शेयर लगानी गर्ने प्रस्ताव गरी बैंक तथा वित्तीय संस्था संस्थापना गर्न आवेदन दिनु पर्नेछ । बैंक⁄ वित्तीय संस्थाले आफ्नो कुल चुक्ता पूँजीको कम्तीमा तीस प्रतिशत शेयर सर्वसाधारणलाई विक्री वितरणको लागि छुट्याउनु पर्नेछ । यसरी छुट्याइएको शेयरमध्ये ५ प्रतिशतसम्म शेयर बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीको लागि छुट्याउन सक्नेछ ।

"क" वर्गको राष्ट्रियस्तरको बैंक तथा "ख" "ग" र "घ" वर्गका वित्तीय संस्थाको हकमा संयुक्त लगानी गर्न चाहने विदेशी बैंक वा वित्तीय संस्थाको आवश्यकता र अनुरोधलाई दृष्टिगत गरी शेयर लगानी गर्ने अनुपात तोकिने छ । विदेशी बैंक तथा वित्तीय संस्थाको संयुक्त लगानीमा खुल्ने बैंक वा वित्तीय संस्थामा न्यूनतम २० प्रतिशत र अधिकतम ८५ प्रतिशतसम्म संयुक्त लगानी हुन सक्नेछ । ५० प्रतिशतभन्दा कम वैदेशिक शेयर सहभागिता हुने भएमा न्यूनतम ३० प्रतिशत शेयर सर्वसाधारणलाई छुट्याउनु पर्नेछ । विदेशी बैंक तथा वित्तीय संस्थाले प्रस्तावित बैंक वा वित्तीय संस्थाको ५० प्रतिशत वा सो भन्दा वढी शेयर लिने भएमा नेपाली लगानीकर्ताहरुलाई लगानी गर्ने अवसर प्रदान गर्न कुल चुक्ता पूँजीको कम्तीमा १५ प्रतिशत शेयर मात्र सर्वसाधारणमा विक्री वितरणको लागि छुट्याउनु पर्ने र यसरी छुट्याइएको शेयरमध्येबाट पाँच प्रतिशतसम्म शेयर बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीको लागि छुट्याउन सक्नेछ ।

** २०६७ चैत्र १५ सम्मको अद्यावधिक*

१.३ बैंक वा वित्तीय संस्था संस्थापना गर्न जारी पूँजीको ०.०१ प्रतिशत रकम यस बैंकमा जम्मा गरी निवेदन दिएका तर वित्तीय कारोवारको इजाजतपत्र लिने प्रकृयाको विभिन्न चरणमा रहेका बैंक/वित्तीय संस्थाहरुले माथि उल्लिखित व्यवस्था बमोजिमको चुक्ता पूँजी २०६७ चैत्र मसान्तभित्र♣ पूरा गर्ने गरी संस्थापकहरुको प्रतिवद्धता सहित पेश गरेमा साविकको नीतिगत व्यवस्था बमोजिम इजाजतपत्र सम्वन्धि थप कारवाही अगाडि बढाइनेछ ।

तर, यस्ता निवेदकहरुले आफ्नो निवेदन फिर्ता लिन चाहेमा यस बैकमा जम्मा गरेको रकम निवेदन दस्तुर सहित फिर्ता गरिनेछ । प्रचलित व्यवस्था अनुसार माथिल्लो वर्गको संस्थाको लागि तोकिएको चुक्ता पूँजी पुऱ्याई यस बैंकमा तल्लो वर्गबाट माथिल्लो वर्गमा परिणत हुन/स्तर वृद्धि हुन निवेदन दिएका वित्तीय संस्थाहरुको हकमा पनि साविकको नीतिगत व्यवस्था बमोजिम कारवाहीको प्रक्रिया अगाडि बढाइने छ । साथै, चुक्ता पूँजी पुऱ्याउने सम्बन्धमा संस्थाका संस्थापकहरुबाट यस बैंकले तोकेबमोजिमको प्रतिवद्धता पत्र समेत पेश गर्नु पर्नेछ ।

संस्थापना वा वित्तीय कारोवारको स्वीकृति लिने प्रक्रियामा रहेका संस्थाहरुले आवश्यक प्रक्रिया पुऱ्याई २०६४ असोज मसान्तभित्र विद्यमान प्रक्रिया अनुरुप वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र लिई सक्नु पर्नेछ । उल्लिखित अवधिभित्र वित्तीय कारोवार सञ्चालन गर्ने इजाजतपत्र प्राप्त नगरेमा त्यस्ता निवेदकहरुले सम्पूर्ण प्रक्रियाहरु नयाँ नीतिगत व्यवस्था अनुरुप हुने गरी नयाँ निवेदन पेश गर्नु पर्नेछ ।

१.४ हाल सञ्चालनमा रहिरहेका बैंक तथा वित्तीय संस्थाहरुले २०७० आषाढ मसान्तभित्र माथि उल्लिखित चुक्ता पूँजी समानुपातिक रुपमा वांकी वर्षहरुमा पूरा गर्न २०६४ आषाढ मसान्तलाई आधार बर्षको रुपमा लिई आ.व. २०६४।६५ देखि हरेक वर्ष नपुग रकमको समानुपातिक दरले बृद्धि गर्दै लैजानु पर्नेछ । सञ्चालनमा रहिरहेका बैंक तथा वित्तीय संस्थाहरुले आफ्नो पूँजी पुऱ्याउँदा उल्लिखित पूँजीमा कम्तीमा ८० प्रतिशत चुक्ता पूँजी र वाँकी २० प्रतिशत प्राथमिक पूँजीमा गणना हुने अन्य श्रोतबाट समेत पूरा गर्न सक्नेछन् ।

२०७० आषाढ मसान्तभित्र माथि उल्लिखित प्रावधान वमोजिम तोकिएको वर्षको चुक्ता पूँजी पूरा नगर्ने बैंक तथा वित्तीय संस्थाहरुलाई देहायबमोजिमको कारवाही हुनेछ । यस प्रयोजनको लागि चुक्ता पूंजी पूरा नभएको वर्षलाई आधार वर्षको रुपमा लिइनेछ ।

(क) आ.व. २०६४।६५ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई लाभांश रोक्का राख्ने ।
(ख) आ.व. २०६५।६६ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई निक्षेप संकलन गर्न समेत प्रतिवन्ध लगाईने ।
(ग) आ.व. २०६६।६७ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई कर्जा लगानीमा समेत प्रतिवन्ध लगाईने ।
(घ) आ.व. २०६७।६८ मा तोकिएको चुक्ता पूँजी नपुऱ्याउनेलाई कर्जा असुली तथा निक्षेप भुक्तानी वाहेकका सम्पूर्ण कारोवारमा प्रतिवन्ध लगाईने । सो अवधिपछि इजाजतपत्र रद्ध गर्नेतर्फ समेत कारवाही अगाडि बढाइने ।

माथि उल्लिखित चुक्ता पूँजी नपुग भएका दुई वा सोभन्दा बढी बैंक तथा वित्तीय संस्थाहरुले उल्लिखित अवधिभित्र आपसमा गाभिने गरी यस बैंक समक्ष प्रस्ताव पेश गरेमा ती दुवै संस्थामा कायम रहेको पूँजीलाई जोडी चुक्ता पूँजी प्रयोजनको लागि गणना गरिनेछ ।

१.५ संस्थापकले लगानी गर्दा बैंक तथा वित्तीय क्षेत्र र अन्य क्षेत्रबाट ऋण तथा सापटी प्राप्त गरेको रकम *(Borrowed Fund)* नयाँ संस्थापना हुने बैंक तथा वित्तीय संस्थामा लगानी गर्न पाइने छैन ।

१.६ विदेशी संस्थापकहरुको सहभागितामा संस्थापना हुने बैंक तथा वित्तीय संस्थाहरु समेत प्रचलित नेपाल कानून वमोजिमको सबै कानूनी प्रकृया पूरा गरी दर्ता हुनु पर्नेछ ।

२. विदेशी बैंक तथा वित्तीय संस्थाको सहभागितामा संस्थापना हुन चाहने बैंक तथा वित्तीय संस्थाहरुले देहाय बमोजिमका थप विवरणहरु समेत पेश गर्नु पर्नेछ :

२.१ नेपालमा संस्थापना हुने प्रस्तावित बैंक वा वित्तीय संस्थामा विदेशी बैंक वा वित्तीय संस्थाले लगानी गर्ने सम्बन्धमा रकम समेत किटान गरिएको संचालक समितिको निर्णयको प्रतिलिपि ।

२.२ सम्बन्धित देशको केन्द्रीय बैंक वा नियमन गर्ने संस्थाको स्वीकृतिपत्र/सहमति (Prior consent/No objection)

२.३ लेखापरीक्षण गरिएको पछिल्लो ३ वर्षको अवधिमा मुनाफामा सञ्चालन भएको प्रमाणित हुने वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण ।

२.४ प्रस्तावित बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने नेपाली संस्थापक लगानीकर्ताहरुसँग भएको संयुक्त लगानी सम्भौताको प्रमाणित प्रतिलिपि ।

२.५ संयुक्त लगानीमा आउने बैंक वा वित्तीय संस्थाको नेपालमा हाल कुनै बैंक तथा वित्तीय संस्थामा लगानी छ भने सो वा कुनै शाखा, प्रतिनिधि वा सम्पर्क कार्यालय छ भने त्यसको व्यहोरा खुल्ने कागजात ।

---

♣ २०६६।८।८ मा संशोधन ।

३. विदेशी बैंक तथा वित्तीय संस्था संस्थापक भई संचालनमा आएकोमा त्यस्तो संस्थाले आफ्नो शेयर अन्य व्यक्ति वा संस्थालाई विक्री गरेमा किन्ने व्यक्ति वा संस्थालाई संस्थापक सरह नै गणना गरिने छ ।

४. संयुक्त लगानीमा रहेको विदेशी बैंक तथा वित्तीय संस्थाहरुले *Parent Co.* मा रहेको आफ्नो स्वामित्वको शेयर विक्री गरेमा त्यसको जानकारी सम्वन्धित संस्थामा उपलब्ध गराउनु पर्नेछ । संयुक्त लगानीमा सञ्चालन भएका बैंक तथा वित्तीय संस्थाहरुले त्यस्तो संस्थाको नाफा नोक्सान वासलात तथा नगद प्रवाह विवरण लगायतका वार्षिक प्रतिवेदन र अन्य विवरणहरु सम्वन्धित बैंक तथा वित्तीय संस्थाहरुमा अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

५. प्रस्तावित बैंक वा वित्तीय संस्थामा प्रचलित नेपाल कानून बमोजिम दर्ता भएको कुनै फर्म, संगठित संस्था वा कम्पनी संस्थापक हुने भएमा त्यस्तो फर्म, संगठित संस्था वा कम्पनीको हकमा देहाय बमोजिमका थप विवरणहरु समेत पेश गर्नु पर्नेछ ।

५.१ दर्ता प्रमाणपत्र र कारोवार गर्न इजाजत पाएको प्रमाणपत्रको प्रतिलिपि ।

५.२. संस्थामा लगानी गर्ने रकम र प्रतिनिधित्व गर्ने भए प्रतिनिधित्व गर्ने व्यक्ति/संस्था किटान गरिएको संचालक समितिको निर्णयको प्रतिलिपि ।

५.३ प्रबन्धपत्र तथा नियमावली वा विनियमको प्रमाणित प्रतिलिपि ।

५.४ संचालकहरुको नामावली र शेयर स्वामित्वको अनुपात तथा निजहरुको वित्तीय स्वार्थ भएको संस्था तथा सो संस्थाका संचालकहरुको विवरण ।

५.५ फर्म, संगठित संस्था वा कम्पनीको अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि वा आय विवरण कर कार्यालयमा पेश गरेको प्रमाणित हुने सम्बन्धित कर कार्यालयबाट प्राप्त निस्साको प्रतिलिपि ।♣

५.६ विगत २ आर्थिक वर्षदेखि संचित मुनाफामा सञ्चालन भएको प्रमाणित हुने लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान सहितको विवरण ।

तर, 'घ' वर्गको वित्तीय संस्थाको हकमा १ वर्षको वित्तीय विवरण पेश गर्नुपर्नेछ ।

## ६. संस्था संस्थापना सम्बन्धी व्यवस्था

### ६.१ संस्थापनाको लागि निवेदन दिने व्यवस्थाः

प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन बमोजिम बैंक तथा वित्तीय संस्था संस्थापना गर्ने प्रयोजनका लागि सम्बन्धित व्यक्तिले त्यस्तो बैंक वा वित्तीय संस्था प्रचलित कानून बमोजिम दर्ता गर्न निवेदन दिनु अघि देहायका कागजात संलग्न गरी प्रस्तावित बैंक तथा वित्तीय संस्थाले आफ्नो जारी पूँजीको ०.०१ प्रतिशतले हुने दस्तुर यस बैंकको ना.नो.आ.हि. फुटकर अन्य शीर्षक खातामा जम्मा भएको भौचर सहित निवेदन (अनुसूची १ वमोजिम) दिनु पर्नेछ ।

- प्रस्तावित संस्थाको प्रबन्धपत्र - ३ प्रति,
- प्रस्तावित संस्थाको नियमावली - ३ प्रति
- प्रस्तावित संस्थाको सम्भाव्यता अध्ययन प्रतिवेदन- ६ प्रति (अनुसूची-२)
  तर "घ" वर्गको वित्तीय संस्थाको हकमा "व्यवसायिक योजना प्रस्ताव" (Business Plan) मात्र पेश गरे पुग्नेछ ।
- संस्थापकहरुको व्यक्तिगत विवरण (अनुसूची ३) ।
- संस्था संस्थापना गर्नु अघि त्यस्तो संस्था संस्थापना गर्ने सम्बन्धमा संस्थापकहरुबीच सम्झौता गरी सोको प्रतिलिपि ।
- संस्थापकहरुले निवेदन दिदा लगानी गर्न प्रस्ताव गरेको रकममा कर चुक्ता गरेको प्रमाण (अनुसूची ३ को १६ बमोजिमको आय श्रोत खुलेको विवरण) ।
- संस्थापकहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- संस्थापकहरुको पछिल्लो शैक्षिक योग्यता एवं कार्यानुभवको प्रमाणपत्रहरुको प्रतिलिपि ।
- गैर आवासीय नेपाली लगानीकर्ताले बैंक तथा वित्तीय संस्था संस्थापना वा हक हस्तान्तरणको प्रकृयाबाट संस्थापक शेयरमा लगानी गर्ने भएमा स्थानीय कर कार्यालयबाट प्रदान गरिएको कर चुक्ता प्रमाणपत्र र/वा पछिल्लो आर्थिक वर्षको कर दाखिला गरेको निस्सा र/वा नेपालमा करयोग्य आय नभएको व्यहोरा प्रमाणित हुने कागजात र यस सम्बन्धमा लगानीकर्ताले पेश गरेको स्वःघोषणपत्र (Self-Declaration) ।♦

---

♣ २०६६।४।१५ मा संशोधन ।

♦ २०६७।१।५ मा थप ।

- गैर आवासीय नेपालीले बैंक तथा वित्तीय संस्थामा लगानी गर्ने रकम गैर आवासीय नेपाली सम्बन्धी ऐन, २०६४ को दफा ७ को उपदफा (२) बमोजिम प्रचलित कानुन बमोजिम नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोवार गर्न इजाजतपत्रप्राप्त बैङ्क वा वित्तीय संस्थामार्फत विप्रेषण (Remittance) गरी नेपाल भित्र्याएको हुनु पर्नेछ।♥

संस्थापकहरुले लगानी गर्न प्रस्ताव गरेको सम्पूर्ण रकमको स्रोत र सो प्रमाणित हुने कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। यसरी प्राप्त हुन आउने विवरणका सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक जानकारी वा सम्वन्धित निकायलाई जानकारी उपलब्ध गराउन समेत सकिने छ।♣

### ६.२ संस्थापनाको लागि स्वीकृति दिने व्यवस्था:♦

(क) बैंक तथा वित्तीय संस्था संस्थापना गर्ने प्रयोजनको लागि यस बैंक समक्ष पूर्व स्वीकृतिका लागि परेको निवेदन र निवेदनसाथ पेश गर्न तोकिएका आवश्यक कागजातहरुको जाँचबुझ पछि यस बैंकले स्वीकृति दिन उपयुक्त देखेमा कुनै शर्त तोकी वा नतोकी त्यसरी निवेदन पर्न आएको एकसय वीस दिन भित्र त्यस्तो संस्था संस्थापना गर्न स्वीकृति दिन सकिनेछ।

(ख) संस्थापकहरुले खरिद गर्न कबुल गरेको कूल शेयर पूँजीको कम्तिमा ५ प्रतिशत रकम बैंक तथा वित्तीय संस्था संस्थापना गर्ने आवेदनपत्र रीत पुगे/नपुगेको परीक्षण गरी यस बैंकले खाता खोल्न आदेश दिएको ७ दिन भित्र जम्मा गर्नुपर्ने छ।

(ग) सैद्धान्तिक सहमतिपत्र (Letter of Intent) प्रदान गर्ने निर्णय भएको मितिले ३० (तीस) दिन भित्र संस्थापकहरूले खरीद गर्ने प्रतिबद्धता गरेको शेयर पूँजीको ४५ प्रतिशतले हुने रकम; निष्कृय कर्जा ५ प्रतिशत भन्दा कम रहेको, तरल सम्पत्ति न्यूनतम २० प्रतिशत कायम रहेको र तोकिए बमोजिमको न्युनतम पूँजीकोष कायम भएको यस बैंकबाट इजाजतपत्र प्राप्त "क" वर्गका बैंकमा नगदै जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने छ। उक्त जम्मा गरिएको रकमलाई यस बैंकबाट वित्तीय कारोवार गर्ने इजाजतपत्र प्राप्त नगरुन्जेलसम्मका लागि रोक्का गरी सके पश्चात् सैद्धान्तिक सहमति पत्र प्रदान गरिने छ।

(घ) उक्त रोक्का गरिएको खाताबाट प्राप्त व्याज रकम प्रमाणित हुने भरपाई र VAT तथा PAN मा दर्ता भएको फर्म/कम्पनीको बिलको आधारमा मात्र खर्च गर्न सकिनेछ।

(ङ) सैद्धान्तिक सहमति पत्र प्रदान भएको ९ महिना भित्रमा प्रचलित कानूनी एवम् नीतिगत व्यवस्था बमोजिमका कार्यहरू सम्पन्न गरी एवम् बैंक तथा वित्तीय संस्था संचालनका लागि आवश्यक भौतिक पूर्वाधारहरू तयार गरी वित्तीय कारोवार संचालन गर्ने इजाजत पत्र प्राप्त गर्न निवेदन दिनु पर्ने छ। सो अवधिमा वित्तीय कारोवार संचालन गर्ने इजाजतपत्रको लागि निवेदन नदिएको खण्डमा यस बैंकबाट प्रदान गरिएको सैद्धान्तिक सहमतिपत्र स्वतः रद्द हुनेछ।

(च) सैद्धान्तिक सहमति प्रदान भए पश्चात संस्थापक संख्या थप गर्न पाइने छैन। तर कुनै संस्थापकको मृत्यु भएको अवस्थामा निजको हकलाग्ने हकवालाहरुलाई निजले कबुल गरेको लगानी बराबरको शेयर नामसारी गर्न भने पाईने छ। साथै मृत्युभएका संस्थापकहरुको हकवालाले संस्थापक शेयर पूरै वा आंशिक खरिद नगरेको अवस्थामा विद्यमान संस्थापकहरुले मात्र उक्त शेयर खरिद गर्न सक्नेछन्।

(छ) सैद्धान्तिक सहमति प्रदान भए पश्चात कुनै पनि संस्थापकले लिन कबुल गरेको संस्थापक शेयर लिन नचाही संस्थापकबाट हट्न चाहेमा वा कबुल गरे बराबरको संस्थापक शेयरको अनुपात घटाउन चाहेमा निज संस्थापकहरुको लगानी रकम विद्यमान संस्थापकहरुबीच मात्र थपघट गर्न सकिने छ।

(ज) प्रस्तावित बैंक/वित्तीय संस्था संस्थापनाको लागि यस बैंकबाट सैद्धान्तिक सहमति (Letter of Intent) प्राप्त भएपछि तत्कालीन प्रस्तावित संस्थापकको मृत्यु भएको अवस्थामा यस बैंकबाट स्वीकृति लिएर बाहेक अन्य कुनै पनि अवस्थामा संस्थापक शेयरधनी परिवर्तन गर्न पाइने छैन। संस्थापक शेयर धारण अनुपात परिवर्तन गर्नु परेमा विद्यमान संस्थापकहरु बीच मात्र गर्न पाइने र प्रस्तावित सन्चालकको हकमा निजहरुले शेयर धारण गर्न कबुल गरेको प्रतिशतमा कमी हुने गरी कुनै परिवर्तन गर्न पाइने छैन।

### ६.३ संस्थापनाको लागि विशेष व्यवस्था:

संस्थापनाको लागि निवेदन दिदाका वखत बैंक तथा वित्तीय संस्थाका ५ वटा वा सोभन्दा कम वाणिज्य वैंकिङ्ग इकाई (निक्षेप तथा कर्जाको कारोवार गर्ने "क", "ख" र "ग" बर्ग) रहेका जिल्लाहरुमा (ख) तथा (ग) वर्गका वित्तीय संस्था संस्थापना गर्ने गरी निवेदन प्राप्त हुन आएमा त्यस्ता जिल्लाहरुमा संस्थापना हुने (ख) र (ग) वर्गका वित्तीय संस्थाको चुक्ता पूँजी क्रमशः रु २ करोड र रु १ करोड भए पुग्नेछ।

तर, कुनै पनि जिल्लाभित्र ५ वा सोभन्दा बढी वैंकिङ्ग इकाई भएको अवस्था रहेतापनि कुनै गाउँ विकास समिति वा नगरपालिकाभित्र कुनै पनि बैंकिङ्ग कारोवार गर्ने इकाई नभएको अवस्थामा त्यस्ता स्थानमा "ख" वा "ग" वर्गको वित्तीय

---

♥ २०६७।१।५ मा थप।

♣ २०६४।१२।४ मा संशोधन।

♦ २०६६।९।२२, २०६६।१२।२४ र २०६७।३।३१ मा संशोधन।

संस्था खोल्न आवेदन प्राप्त हुन आएमा त्यस स्थानमा समेत उपरोक्त पूँजी राख्नुपर्ने गरी वित्तीय संस्था खोल्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

६.४ **संस्थापनाको लागि दिएको निवेदन इन्कार गर्न सक्ने व्यवस्थाः**

६.४.१ देहायका अवस्थामा राष्ट्र बैंकले कुनै प्रस्तावित बैंक वा वित्तीय संस्थालाई संस्थापना गर्न पूर्व स्वीकृति दिन इन्कार गर्न सक्नेछ :-

(क) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नाम पहिले नै दर्ता भई कायम रहेको कुनै बैंक वा वित्तीय संस्थाको नामसँग मिल्ने भएमा ।

(ख) प्रस्तावित बैंक वा वित्तीय संस्थाको नाम वा त्यसले गर्ने वित्तीय कारोबार सार्वजनिक हित, सदाचार, शिष्टाचार, धर्म, जातजाति वा सम्प्रदाय र अन्य कुनै कारणले अनुपयुक्त वा अवान्छनीय देखिएमा ।

(ग) प्रस्तावित बैंक वा वित्तीय संस्थाको उद्देश्य प्रचलित कानून विपरित भएमा ।

(घ) प्रस्तावित बैंक वा वित्तीय संस्था संस्थापना गर्न अनुपयुक्त देखिएमा ।

(ङ) प्रस्तावित बैंक वा वित्तीय संस्थाले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदन, विवरण तथा कागजात र अन्य पूर्वाधारहरु अध्ययन गर्दा वित्तीय कारोबार स्वस्थ र प्रतिस्पर्धात्मक ढंगबाट संचालन गर्ने कुरामा विश्वास गर्न नसकिने भएमा ।

(च) प्रबन्धपत्र र नियमावली दर्ता गर्नको लागि प्रस्तावित बैक वा वित्तीय संस्थाका सबै संस्थापक सदस्य वा अख्तियार प्राप्त व्यक्तिको नामबाट निवेदन नपरेको भएमा ।

(छ) प्रबन्धपत्र र नियमावलीमा प्रस्तावित बैंक वा वित्तीय संस्थाका सबै संस्थापकहरुले आफ्नो नाम, ठेगाना समेत खुलाई कुनै एकजना साक्षीको रोहवरमा सहीछाप गरी सो साक्षीको नाम, ठेगाना समेत नखुलाएको भएमा ।

(ज) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रत्येक संस्थापकले सो बैंक वा वित्तीय संस्थाको कम्तीमा एक कित्ता शेयर लिन मञ्जुर नगरेको भएमा ।

(झ) प्रस्तावित बैंक वा वित्तीय संस्थाको प्रत्येक संस्थापकले प्रबन्धपत्रमा सही गर्दा आफूले लिने शेयर संख्या समेत स्पष्ट रुपमा नखुलाएको भएमा ।

(ञ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४.१ बमोजिम दाखिला गर्नुपर्ने दस्तुर र कागजात दाखिला नभएमा ।

(ट) कागजात तथा विवरण अध्ययनको क्रममा राष्ट्र बैंकले माग गरेका विवरणहरु तोकिएको समयमा पेश हुन नआएमा ।

(ठ) कुनै व्यवसायिक संगठन/व्यक्तिलाई इजाजतपत्र प्रदान गर्दा व्यक्तिगत/समूहगत जोखिम बैंकिङ्ग व्यवसायमा स्थानान्तरण हुन सक्ने र निक्षेपकर्ताहरु जोखिममा पर्न सक्ने अवस्था देखिएमा ।

६.४.२ उपदफा ६.४ को खण्ड (१) मा उल्लिखित कुनै अवस्था परी प्रस्तावित बैंक वा वित्तीय संस्था संस्थापना गर्नु पूर्व स्वीकृति दिन इन्कार गरिएमा राष्ट्र बैंकले निवेदकलाई सो कुराको जानकारी दिनेछ । यस्ता निवेदनहरुको हकमा निवेदन दस्तुर फिर्ता हुने छैन ।

६.५ प्रस्तावित बैंक/वित्तीय संस्थाको हकमा संस्थापकहरुको वित्तीय अनुशासन तथा अवस्थाको वारेमा जानकारी लिन देहाय वमोजिमको सार्वजनिक सूचना प्रकाशन गरिने छ ।

# सार्वजनिक सूचना

देहायका व्यक्ति/फर्म/कम्पनीबाट .......................................................नामक बैंक/वित्तीय संस्था (.............वर्गको) संस्थापना गर्न पूर्व स्वीकृतिका लागि यस बैंकमा मिति ................................मा निवेदन प्राप्त हुन आएको छ । सो सम्वन्धमा उल्लिखित प्रस्तावित बैंक/वित्तीय संस्थाका संस्थापकहरुको वित्तीय अनुशासन र अवस्था, इमान्दारिता र नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी ठहर भएको सम्वन्धमा कसैको कुनै भनाई वा गुनासो भएमा त्यस्ता व्यक्ति/फर्म/कम्पनीलाई निजहरुको निवेदन वमोजिमको बैंक तथा वित्तीय संस्था संस्थापना गर्न इजाजतपत्र दिन औचित्यपूर्ण नहुने कुनै आधारहरु भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र ठोस कारण तथा प्रमाण सहित नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागमा लिखित रुपमा जानकारी गराउनु हुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

प्रस्तावित बैंक/वित्तीय संस्थाका संस्थापकहरु

| सि.नं. | संस्थापकको नाम र ठेगाना | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग

नोट:

१. “सर्वसाधारणको जानकारीको लागि बैंक तथा वित्तीय संस्थालाई इजाजत प्रदान गर्ने व्यवस्था सम्वन्धी नीति यस बैंकको वेव साइट www:nrb.org.np मा राखिएको छ ।”

२. यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुले यसै सूचनालाई आधार मानी उल्लिखित व्यक्तिहरुको सम्बन्धमा कुनै जानकारी भए १५ दिनभित्र यस विभाग समक्ष अनिवार्यरुपमा जानकारी उपलब्ध गराउनु हुन अनुरोध छ । अन्यथा, यसै सूचनालाई आधार मानी थप कारवाही अगाडी बढाइने ब्यहोरा समेत जानकारी गराइन्छ ।

३. लघु वित्त विकास बैंकको कारोवार गर्ने “घ” वर्गको वित्तीय संस्थाको हकमा उपरोक्त सूचना अनिवार्य गरिने छैन ।

## ७. वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गर्न पेश गर्नुपर्ने कागजातहरु

### ७.१ निवेदन:

यस बैंकबाट पूर्व स्वीकृति (सैद्धान्तिक सहमति) पाई पब्लिक लिमिटेड कम्पनीको रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापना भइसकेका बैंक वा वित्तीय संस्थाले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को प्रावधान बमोजिम संस्थापना भएको मितिले ६ महिना भित्र वित्तीय कारोवार गर्न इजाजतपत्रको लागि यस बैंक समक्ष तोकिएको ढाँचामा निवेदन *(अनुसूची ४)* दिनु पर्नेछ । निवेदनका साथ संस्थाको प्रस्तावित जारी पूँजीको ०.०२ प्रतिशतले हुने रकम बराबर इजाजतपत्र दस्तुर  यस बैकमा बुझाएको भौचर सहित देहायका विवरण तथा कागजात समेत संलग्न गर्नु पर्नेछ । तर बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ३२ अनुसार वित्तीय कारोवार सञ्चालन गर्न इजाजतपत्र दिन इन्कार भएमा उक्त दस्तुर फिर्ता हुने छैन ।

- संस्थाको प्रबन्धपत्र, नियमावली तथा संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।
- संस्थाले वित्तीय कारोवार संचालन गर्न आवश्यक सबै पूर्वाधार तयार भएको कार्यालय भवनको विवरण वा भवन भाडामा लिने भए बहाल सम्बन्धी सम्झौताको प्रतिलिपि र भाडामा लिने भवनको विवरण ।
- संस्थाको कार्यकारी प्रमुख तथा अन्य कार्यकारी तहका पदाधिकारीहरुको व्यक्तिगत विवरण र बैंक तथा वित्तीय संस्थाको संगठनात्मक संरचना ।
- संस्थाको कर्मचारी सेवा शर्त र सुविधा सम्वन्धी विनियमावली । (१ प्रति)
- सूचना प्रविधि सम्वन्धी विवरण ।
- संस्थाको कर्जा नीति । (१ प्रति)
- संस्थाको आर्थिक प्रशासन सम्बन्धी विनियमावली ।  (१ प्रति)
- संस्थाको कर्जा अपलेखन सम्वन्धी विनियमावली ।   (१ प्रति)
- संस्थाको संस्थापकहरुले लिन कबुल गरेको शेयरको बाँकी सम्पूर्ण रकम (पूर्व सञ्चालन र पूँजीगत खर्च समेत कटाई) चुक्ता भई यस बैंकमा जम्मा गरेको प्रमाणित हुने कागजात ।
- सुरक्षा तथा बीमा सम्वन्धी व्यवस्था ।
- यस बैंकले समय समयमा तोकिदिएको अन्य विवरण तथा कागजातहरु ।

### ७.२ प्रतिबद्धता जाहेर गर्नुपर्ने:

वित्तीय कारोवार गर्ने इजाजतपत्र लिनका लागि यस बैंक समक्ष निवेदन दिने बैंक वा  वित्तीय संस्थाको सञ्चालक समितिले देहायका कुराहरुमा प्रतिबद्धता जाहेर गरेको कागजात निवेदनसाथ पेश गर्नु पर्नेछ ।

(क) वित्तीय कारोबार संचालन गरुन्जेल नेपाल राष्ट्र बैंकले समय समयमा तोकिदिए बमोजिमको न्यूनतम पूँजी कायम राख्ने कुरा,

(ख) नेपाल राष्ट्र बैंक सन्तुष्ट हुने गरी बैंक वा वित्तीय संस्था संचालन गर्न आवश्यक पूर्वाधार तयार गरी सेवा तथा सुविधा प्रदान गर्न सक्ने पर्याप्त आधार रहेको कुरा,

(ग) बैंक वा वित्तीय संस्थाले वित्तीय कारोबार संचालन गर्नका लागि प्रस्ताव गरेको विनियम तथा कारोबार संचालन सम्बन्धी व्यवस्थाबाट वित्तीय कारोबार नियमित रुपमा संचालन भई निक्षेपकर्ताको हक हित संरक्षण हुने कुरा,

(घ) वित्तीय कारोबार गर्नका लागि नेपाल राष्ट्र बैंकले तोकेका शर्तहरु पालना गर्ने कुराको मंजुरी ।

### ७.३ इजाजतपत्र दिने व्यवस्था:

७.३.१ बैंक वा वित्तीय संस्था संचालन गर्न आवश्यक भौतिक पूर्वाधारका अतिरिक्त देहायका कुरामा आवश्यक जाँचबुझ गरी यस बैंक सन्तुष्ट भएमा त्यस्तो बैंक वा वित्तीय संस्थालाई वित्तीय कारोवार सञ्चालन गर्न इजाजतपत्र दिन सक्नेछ ।

(क) वित्तीय कारोबार गर्न इजाजतपत्र दिंदा स्वस्थ प्रतिस्पर्धात्मक र वित्तीय मध्यस्थता सम्बन्धी कारोबार प्रभावकारी भई निक्षेपकर्ताको हित हुन्छ भन्ने लागेमा,

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ प्रचलित कानून र सो अन्तर्गत बनेको नियम, विनियम वा सो अन्तर्गत जारी भएका आदेश वा निर्देशन तथा प्रबन्धपत्र, र नियमावलीका अधीनमा रही वित्तीय

कारोबार संचालन गर्न सक्षम छ भन्ने लागेमा,

(ग) इजाजतपत्रको लागि दिएको निवेदनसाथ संलग्न विवरण तथा कागजात अनुसार बैंक वा वित्तीय संस्था वित्तीय कारोबार गर्न सक्षम छ भनी विश्वास गर्ने पर्याप्त आधार भएमा ।

७.३.२ यस बैंकले वित्तीय कारोवार गर्न इजाजतपत्र दिएको मितिले ६ महिना भित्र वित्तीय कारोवार शुरु गरिसक्नु पर्नेछ । अन्यथा त्यस्तो संस्थालाई वित्तीय कारोवार गर्न प्रदान गरिएको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

## ८. वित्तीय कारोवार संचालन गर्न इजाजतपत्र दिन इन्कार गर्न सकिने

यस बैंकले देहायको कुनै अवस्थामा बैंक वा वित्तीय संस्थालाई वित्तीय कारोबार संचालन गर्न इजाजतपत्र दिन इन्कार गर्न सक्नेछ :-

(क) बैंक वा वित्तीय क्षेत्रको विद्यमान अवस्था र सम्भाव्यताको आधारमा वित्तीय कारोबार संचालन गर्न थप बैंक वा वित्तीय संस्थालाई इजाजतपत्र दिन उपयुक्त नदेखिएमा,

(ख) खण्ड (क) को अवस्था हेरी निक्षेपकर्ताको हित संरक्षणको निमित्त वित्तीय कारोबार संचालन गर्न इजाजतपत्र दिन उचित र उपयुक्त नदेखिएमा,

(ग) वित्तीय कारोवार सञ्चालन गर्न निवेदनसाथ पेश गरिएका विवरणहरु पर्याप्त र विश्वसनिय नदेखिएमा ।

कुनै बैंक वा वित्तीय संस्थालाई वित्तीय कारोबार संचालन गर्ने इजाजतपत्र दिन नसकिने अवस्था भएमा राष्ट्र बैंकले सोको कारण खुलाई निवेदन परेको मितिले एक सय बीस दिन भित्र सम्बन्धित बैंक वा वित्तीय संस्थालाई सूचना दिनु पर्नेछ ।

तर, सो अवधिभित्र यस बैंकले थप विवरण माग गरेको भए त्यस्तो विवरण माग भएको मितिले ९० दिन भित्र दिई सक्नु पर्नेछ । यस्तो सूचना प्राप्त गरेको मितिले राष्ट्र बैंकले १२० दिन भित्र सम्वन्धित बैंक वा वित्तीय संस्थालाई इजाजतपत्र दिन नसकिने अवस्था भएमा सोको कारण खुलाई सम्वन्धित बैंक वा वित्तीय संस्थालाई सूचना दिनु पर्नेछ ।

## ९. संस्थापक सम्बन्धी व्यवस्था

### ९.१ प्रस्तावित संस्थाका संस्थापक :

(क) विगतमा कर्जा सूचना केन्द्रको कालोसूचीमा परी सो सूचीबाट हटेको भए त्यसरी हटेको मितिले तीन वर्ष व्यतित भई नसकेको व्यक्ति संस्थापक हुन योग्य मानिने छैन र त्यस्ता निवेदन उपर यस बैंकले कारवाही अगाडि बढाउने छैन ।

(ख) इजाजतपत्रप्राप्त संस्थाका संस्थापकहरुमध्ये कम्तीमा एक तिहाई सदस्यहरु स्नातक तहको शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।

(ग) यस बैंकमा बैंक तथा वित्तीय संस्था संस्थापना गर्न निवेदन पेश गरेका प्रस्तावित संस्थापकहरुमध्ये कुनै संस्थापक कर्जा सूचना केन्द्र लि. को कालोसूची/डिफल्टर/ कर्जा कारोवारमा भाखा नाघेको देखिन आएमा त्यस्ता संस्थापक हटाई भईरहेका संस्थापकहरुबाट वा नयाँ संस्थापकहरु थप गरी संशोधित विवरण तथा कागजातहरु पेश गरेमा मात्र उक्त निवेदन माथि कारवाहि अगाडि बढाइनेछ । यसरी परिमार्जित विवरणहरु पेश गर्नुपर्ने म्याद बढीमा ९० दिन सम्मको हुनेछ ।

(घ) खण्ड (ग) को अवस्थामा र यस बैंकले निर्देशन/स्वीकृति दिएको अवस्थामा बाहेक प्रस्तावित संस्थाका संस्थापकहरु परिवर्तन गर्न पाइने छैन ।

(ङ) संस्थापनाको सैद्धान्तिक सहमति प्रदान भइसकेपछि संस्थापकहरुले धारण गर्ने शेयर संरचना परिवर्तन गर्ने प्रस्ताव आएमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नहुँदैको अवस्थामा मात्र संस्थापकहरुको शेयर स्वामित्व न्यूनतम ५१ प्रतिशतसम्म कायम गर्न सक्ने, नयाँ संस्थापक शेयरधनी थप गर्न नपाउने शर्तमा शेयर पुँजी परिवर्तन गर्न स्वीकृति दिन सकिनेछ ।♠

९.२ बैंक/वित्तीय संस्थाहरुको चुक्तापूँजीमध्ये कुनै व्यक्ति वा निजका एकाघर परिवार, फर्म, कम्पनी वा संगठित संस्था वा एकै समूहका कम्पनीले लिन सक्ने अधिकतम शेयर चुक्तापूँजीको १५ प्रतिशतभन्दा बढी हुने छैन । तर, लघु वित्त कारोवार गर्ने “घ” वर्गको वित्तीय संस्थाको हकमा एकाघर परिवार, फर्म, कम्पनी वा संगठित संस्था वा एकै समूहका कम्पनीको शेयर लगानीको अधिकतम हद चुक्तापूँजीको २५ प्रतिशत सम्म हुन सक्नेछ ।

---

♠ २०६७।३।३१ मा थप ।

तर विगतमा लघु वित्त कारोवार गर्ने विकास बैंकहरुको शेयर प्रति व्यक्ति एकाघर परिवार, फर्म, कम्पनी वा संगठित संस्था वा एकै समूहका कम्पनीले २५ प्रतिशतभन्दा बढी शेयर लिएको भएमा २०६८ आषाढ मसान्तभित्र २५ प्रतिशतको सीमाभित्र ल्याउनु पर्नेछ । परिवार भन्नाले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ मा उल्लेख भए वमोजिम हुनेछ ।

९.३ विगतमा यस बैंकबाट अनुमति लिई संस्थापना भएका बैंक तथा वित्तीय संस्थामा शेयर लगानीको अधिकतम हद १५ प्रतिशतभन्दा बढी भएका बैंक तथा वित्तीय संस्थाहरुले २०६५ आषाढ मसान्त भित्र कुनै व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले लगानी गरेको चुक्ता पूँजीको अधिकतम सीमा १५ प्रतिशतको सीमाभित्र ल्याईसक्नु पर्नेछ ।

९.४ कुनै व्यक्ति फर्म, कम्पनी, एकाघर परिवार वा संगठित संस्थावाट संस्थापक शेयरमा लगानी गर्दा यस बैंकबाट इजाजतपत्र प्राप्त कुनै १ (एक) बैंक तथा वित्तीय संस्थामा बढीमा १५ प्रतिशत र अन्य बैंक तथा वित्तीय संस्थाहरुमा चुक्ता पूँजीको बढीमा १ प्रतिशतसम्म मात्र लगानी गर्न सकिनेछ । सोभन्दा बढी रकम लगानी गर्ने प्रस्तावित संस्थापक भै लगानी प्रस्ताव पेश हुन आएमा उक्त निवेदन माथिको कारवाही अगाडी वढाइने छैन । विगतमा एक भन्दा बढी बैंक तथा वित्तीय संस्थामा संस्थापक वा संस्थापक समूह भई लगानी गरेको रकम यो नीति लागू भएको मितिले ५ वर्षभित्र आवश्यक प्रक्रिया पुऱ्याईवेचविखन गरी/ हटाई उल्लिखित सीमा भित्र सीमित हुनु पर्नेछ ।

९.५ कुनै बैंक तथा वित्तीय संस्था र अन्य कुनै पनि संस्था/कम्पनीको वीचमा एक आपसमा दोहोरो स्वामित्व (Cross Holding) कायम हुने गरी शेयर/सुरक्षणपत्रमा लगानी गर्न पाइने छैन ।

## १०. संचालक सम्बन्धी व्यवस्था

१०.१ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १९ बमोजिम योग्यता पूरा भएको संचालकहरुको सञ्चालक समिति गठन हुनुपर्ने छ ।

१०.२ संचालक समितिको गठन शेयर पूँजी लगानीको अनुपातमा हुनुपर्नेछ । यस्तो संचालक समितिमा नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञको सूचीबाट १ जना संचालक राख्नु पर्नेछ ।

तर, प्रथम साधारण सभा नभएसम्म वा सर्वसाधारण शेयरधनीबाट संचालक समितिमा प्रतिनिधित्व नभएसम्मको अवधिका लागि सर्वसाधारण शेयरधनीका तर्फबाट संचालक समितिमा हुने प्रतिनिधित्व पनि संस्थापक समूहबाट नै गर्न सकिनेछ ।

१०.३ यस बैंकबाट वित्तीय कारोवार गर्न इजाजतपत्र प्राप्त गरेका कुनै बैंक तथा वित्तीय संस्थामा एकाघर परिवार, फर्म, कम्पनी, संगठित संस्था वा एउटै समूहको कम्पनीबाट एक भन्दा बढी व्यक्ति संचालक पदमा मनोनयन/निर्वाचन हुन सक्ने छैन । तर लघु वित्त विकास बैंकको कारोवार गर्ने “घ” वर्गको वित्तीय संस्थाको हकमा उपरोक्त व्यवस्था लागू हुने छैन ।

हाल एकै परिवार/फर्म/कम्पनी/समूहबाट एक भन्दा बढी व्यक्ति एउटै संस्थामा सञ्चालक रहेको भए आगामी साधारण सभा वा वढीमा एकवर्ष भित्र जुन पहिला हुन्छ सोही वमोजिम व्यवस्था गरी एकजना मात्र सञ्चालक रहने व्यवस्था मिलाउनु पर्नेछ ।

## ११. संस्थापना खर्च

११.१ बैंक वा वित्तीय संस्थाको संस्थापना खर्च देहायको प्रतिशतभन्दा बढी हुनु हुँदैनः

| | | |
|---|---|---|
| “क” वर्गको बैंक | = | चुक्ता पूँजीको ०.५० प्रतिशत |
| “ख” वर्गको वित्तीय संस्था | = | चुक्ता पूँजीको १.०० प्रतिशत |
| “ग” वर्गको वित्तीय संस्था | = | चुक्ता पूँजीको १.५० प्रतिशत |
| “घ” वर्गको वित्तीय संस्था | = | चुक्ता पूँजीको २.०० प्रतिशत |

“घ” वर्गको (१० जिल्लासम्मको) तथा “ख” र “ग” वर्गको (१ जिल्लासम्मको) प्रस्तावित वित्तीय संस्थाहरुको संस्थापना खर्च चुक्ता पूँजीको उपर्युक्त प्रतिशत वा रु. ५ लाख मध्ये जुन बढी हुन्छ सोही रकमसम्म खर्च गर्न सक्ने छन् ।♣

११.२. संस्थापना खर्च (पूँजीगत प्रकृतिका खर्चहरु वाहेक) मा देहाय बमोजिमका खर्चहरु समावेश हुने छन् :

♣ २०६६।४।१५ मा थप ।

(१) कानूनी कागजातहरुको तयारी वापतको खर्चः जस्तैः- संभाव्यता अध्ययन प्रतिवेदन, प्रबन्धपत्र, नियमावली, आर्थिक प्रशासन सम्बन्धी विनियम तथा कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी विनियम, कर्जा नीति र कर्जा अपलेखन सम्बन्धी विनियम आदि तयार गर्दा लाग्ने खर्च ।

(२) नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रार कार्यालयमा बुझाउनु पर्ने निवेदन/संस्थापना दस्तुर

(३) बैंक सञ्चालन पूर्वको तलव भत्ता, घर बहाल, शीप विकास तथा कर्मचारी तालिम सम्बन्धी खर्चहरु ।

११.३ संस्थापना खर्चमा संस्थापकहरु बीच भएको प्रारम्भिक सम्झौता मिति अघिको खर्च समावेश गर्न पाइने छैन ।

१२. बैंक तथा वित्तीय संस्थाहरुले व्यवस्थापन खर्च गर्दा आफ्नो वित्तीय अवस्था र प्रतिफललाई मध्यनजर गरी न्यूनतम लागतवाट अधिकतम प्रतिफल लिने उद्देश्यकासाथ मितव्ययिताको आधारमा गर्नु पर्नेछ ।

१३. बैक तथा वित्तीय संस्था संस्थापना/इजाजतपत्रको लागि निवेदन पेश गर्दा यस अनुसूचीमा उल्लिखित सञ्चालक, संस्थापक/कार्यकारी प्रमुखको लागि तोकिएका Fit & Proper Test मापनका आधारहरु निवेदनका साथ पेश गर्नु पर्नेछ ।

१४. संलग्न अनुसूचीहरु यस नीतिगत तथा प्रक्रियागत व्यवस्थाको अभिन्न अङ्गको रुपमा रहने छन् ।

(नोटः यस अघि यस नीतिगत व्यवस्थाको बुँदा नं. ११ मा भएको कार्यक्षेत्र विस्तारसँग सम्बन्धित व्यवस्था यस बैंकबाट जारी एकीकृत निर्देशनको इ.प्रा. निर्देशन नं. १८ मा समावेश गरिएको छ ।)

# निवेदन

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौ ।

बिषयः ……………………..लिमिटेड संस्थापना गर्न स्वीकृति पाऊँ ।

महोदय,

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३ (१) बमोजिम पब्लिक लिमिटेड कम्पनीका रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गराई बैंक वा वित्तीय संस्था संस्थापना गर्ने प्रयोजनको निमित्त सोही ऐनको दफा ४ (१) बमोजिम त्यस बैंकको पूर्व स्वीकृतिको लागि तोकिएका आवश्यक कागजात एवं लाग्ने निवेदन दस्तुर सहित यो निवेदन पेश गरेका छौं ।

*आवश्यक कागजात थान …… संलग्न छन् ।*

भवदीय,

…………………………

(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नाम :

ठेगाना :

टेलिफोन नं :

फ्याक्स न. :

इमेल ठेगानाः

मिति :

*अनुसूची २*

<u>प्रस्तावित बैंक /वित्तीय संस्थाको संभाव्यता अध्ययन प्रतिवेदनमा समावेश गर्नुपर्ने बुँदाहरु</u>

१. **नेपालको समष्टिगत आर्थिक अवस्थाको विश्लेषण (Macro Economic Analysis)** :

(क) गार्हस्थ्य उत्पादन संरचना,
(ख) बचत तथा लगानी,
(ग) औद्योगिक अवस्था,
(घ) सरकारी वित्त स्थिति,
(ङ) बैदेशिक व्यापारको स्थिति,
(च) वित्तीय तथा मौद्रिक विकासको स्थिति र नीतिगत व्यवस्था ।

२. **नेपालको वित्तीय व्यवस्था (Financial System of Nepal)**

(क) बैंक /वित्तीय संस्थाहरु,
(ख) निक्षेप संरचना, कर्जा तथा लगानी र विकास दर,
(ग) कर्जा/निक्षेप अनुपात (राष्ट्रिय स्तरमा र कारोवारको प्रस्तावित क्षेत्रमा),
(घ) व्याजदर संरचना र अन्तर,
(ङ) लगानी/निक्षेप अनुपात (राष्ट्रिय स्तरमा र कारोबारको प्रस्तावित क्षेत्रमा),
(च) वासलात बाहिरको कारोवारको परिमाण,
(छ) उपलब्ध वित्तीय उपकरण / Financial Innovation को आवश्यकता,
(ज) नाफा विश्लेषण (Profitability Analysis),
(झ) विद्यमान बैंकिङ्ग तथा वित्तीय प्रणालीका कमजोरी तथा सुधारका आवश्यकता र नयाँ बैंक/ वित्तीय संस्था खोल्नु पर्ने औचित्य ।

३. **नयाँ बैंक /वित्तीय संस्थाको व्यवसायिक योजना :**

(क) नयाँ बैंक/वित्तीय संस्थाले स्थायित्व पाउन सक्ने वा दीगो वृद्धि हासिल गर्ने आधारभूत रणनीति,
(ख) नयाँ वित्तीय उपकरण सम्बन्धी योजना (यदि छ भने),
(ग) शाखा विस्तार नीति,
(घ) संगठन तालिका, व्यवस्थापन शीप र व्यवस्थापन सूचना प्रणाली,
(ङ) प्रविधि हस्तान्तरण,
(च) कारोवारको क्षेत्र,
(छ) बजार प्रवेश रणनीति (Market Penetration Strategy) ।

५. **व्यवसायिक प्रक्षेपण, आर्थिक औचित्य र वित्तीय विश्लेषण :**

(क) पूँजी संरचना,
(ख) स्थिर पूँजी खर्च विवरण,
(ग) संचालन खर्चको विवरण,
(घ) कर्मचारी खर्च विवरण,
(ङ) प्रारम्भिक खर्चको विवरण,
(च) निक्षेपको बजार अंश,
(छ) व्याज आम्दानी र व्याज खर्चको विवरण, अन्य आय, वासलात बाहिरको कारोवार, कर्जा वर्गीकरण र जोखिम व्यवस्था,
(ज) विदेशी विनिमय कारोवार र अनुमानित आय,
(झ) कम्तीमा पाँच वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण,
(ञ) पूँजीकोष (Capital Adequacy) को विवरण र
(ट) बैंक/वित्तीय संस्थाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौति बारेको (SWOT) विश्लेषण ।

६. **संवेदनशीलता विश्लेषण (Sensitivity Analysis)**

(क) बैंक ⁄ वित्तीय संस्थाको कुल निक्षेप संकलन तथा कर्जा प्रवाहको बजार अंशमा १० प्रतिशतले कमी आएको अवस्था देखिने गरी तयार गरेको वित्तीय विश्लेषण ।

(ख) प्रस्तावित बैंक ⁄ वित्तीय संस्थाको निक्षेप संकलन तथा कर्जा प्रवाहमा १० प्रतिशतले कमी आएको अवस्था देखिने गरी तयार गरेको वित्तीय विश्लेषण ।

(ग) बैंक तथा वित्तीय क्षेत्रको प्रक्षेपित व्याजदरमा १ प्रतिशत विन्दुले कमी आउँदा देखिने बैंकको नाफा नोक्सान स्थिति ।

७. क्षेत्रीय तथा जिल्लास्तरमा खुल्ने बैंक ⁄ वित्तीय संस्थाले सो क्षेत्र ⁄ जिल्लाको वित्तीय विवरण समेत सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख गर्नु पर्नेछ ।

*अनूसूची ३*

# प्रस्तावित बैंक/वित्तीय संस्थाका संस्थापकहरुको
## <u>व्यक्तिगत विवरण</u>

फोटो

१. पूरा नाम थर :

२. जन्म मिति :

३. जन्म स्थान :

४. नागरिकता :

५. विदेशीको हकमा :
   - (क) संस्थाको नाम :
   - (ख) संस्था दर्ता मिति :
   - (ग) प्रतिनिधित्व गर्ने व्यक्ति :
     - नाम :
     - पद :

६. पुरा ठेगाना :
   - (क) स्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स
   - (ख) अस्थायी : (१) टेलिफोन (२) इमेल (३) फ्याक्स

७. हालको पेशा :
   - (क) फर्म वा कार्यालयको नाम :
   - (ख) ठेगाना :
   - (ग) व्यवसायको प्रकृति/काम :
   - (घ) पदको नाम :
   - (ङ) टेलिफोन/ फ्याक्स/ईमेल :

८. बैवाहिक स्थिति :
   - (क) ☐ विवाहित/ ☐ अविवाहित/ ☐ सम्बन्ध विच्छेद भई ☐ अलग बसेको
   - (ख) विवाहितको हकमा पति/पत्नीको नाम :
   - (ग) पति/पत्नीको पेशा :
   - (घ) आश्रितहरुको विवरण

| पुरा नाम | सम्बन्ध | उमेर | इच्छाएको व्यक्ति/संस्था | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

९. (क) बाबुको नाम :

ठेगाना :

पेशा :

(ख) बाजेको नाम :

ठेगाना :

१०. शैक्षिक योग्यता :

| तह | संस्थाको नाम, ठेगाना | अध्ययन वर्ष | विषय | उपाधि लिएको मिति |
|---|---|---|---|---|
| स्नातक | | | | |
| स्नातकोत्तर | | | | |
| विद्यावारिधि | | | | |
| व्यवसायिक स्तर | | | | |
| तालिम सेमिनार | | | | |
| क) | | | | |
| ख) | | | | |
| ग) | | | | |

११. रोजगारी/अनुभवको अभिलेख (विगत ५ वर्षको) बैंक तथा वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्वन्धी व्यवसाय सञ्चालन गर्ने संस्था भए सोको विस्तृत विवरण:

| संस्थाको नाम, ठेगाना | अवधि | पद | निकटतम सुपरिवेक्षकको नाम | काम छोड्नुको कारण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

१२. तपाईसँग कुनै व्यवसायिक (Professional) विषयमा काम गर्ने ईजाजत छ ?

☐ छ ☐ छैन

यदि छ भने

(क) इजाजतको प्रकृति :

(ख) इजाजत लिएको मिति :

(ग) इजाजत नम्वर :

(घ) इजाजत दिने संस्था र ठेगाना :

१३. कुनै पनि किसिमको व्यवसाय वा फर्म/कम्पनी/संगठित संस्थामा संलग्न रहेको भए त्यस्तो व्यवसायको नाम, ठेगाना, संस्था भएमा दर्ता मिति, शेयर अंश र संस्थाको कामको प्रकृति तथा अन्य सबै संचालक, शेयरहोल्डर तथा त्यस्ता संस्थाहरुको सम्पत्ति तथा दायित्व आदिको विवरण । संस्थापक संलग्न फर्म/कम्पनी/ संगठित संस्थाको पछिल्लो दुई आ.व.को लेखा परीक्षकबाट प्रमाणित वित्तीय विवरण । (विवरणहरु थप भएमा छुट्टै पानामा पेश गर्न सकिनेछ)

१४. तपाई कुनै व्यवसायिक क्षमताको आधारमा, नेपाल राष्ट्र बैंकबाट निरीक्षण, अनुगमन गर्नुपर्ने संस्थामा काम गर्नुहुन्छ ?

(यदि छ भने, संस्थाको नाम, ठेगाना र कामको प्रकृति उल्लेख गर्नुहोस् । साथै, सम्वन्धित संस्थाबाट संस्थापन हुनका लागि स्वीकृति पत्र पेश गर्नुहोस् ) ।

१५. कुनै संगठित संस्थामा तपाईको कुनै वित्तीय स्वार्थ वा हित गाँसिएको छ भने खुलाउनु होस् ?

१६. मैले /हामीले प्रस्तावित बैंक/वित्तीय संस्थामा रकम रु.................(अक्षरेपी.............................) लगानी गर्न लनगेको छु /छौं । उक्त रकम संस्थाको कुल जारी पूँजीको प्रतिशत .............हुन्छ । मैले /हामीले कारोवार गर्ने कर कार्यालय .............................. हो । साथै, लगानी गर्न लागेको रकमको आय स्रोतको विवरण निम्नानुसार प्रस्तुत गरेको छु/छौं ।

**लगानी रकमको आय श्रोत विवरण**

| क्रम संख्या | आय स्रोतको क्षेत्र | रकम | कैफियत |
|---|---|---|---|
| १ | ........................................... | | |
| २ | ............................................. | | |
| ३ | ............................................. | | |
| ४ | ............................................. | | |
| ५ | ............................................. | | |
| ६ | ............................................. | | |
| ७ | ............................................. | | |
| | जम्मा | | |

नोटः

(१) माथि उल्लिखित विभिन्न स्रोतहरुबाट लगानी गर्न प्रस्ताव गरिएको रकमको लागि देहाय बमोजिमका आवश्यक प्रमाणहरु पेश गर्नु पर्नेछ ।

- उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन गरेको भए कुन कुन उद्योग, व्यापार पेशा र व्यवसायवाट आर्जन भएको हो सो को विवरण स्पष्ट हुने कागजात र सो मा तिरेको कर सम्वन्धी कागजात ।
- पैतृक वा पारिवारिक सम्पत्तिबाट शेयरमा लगानी गर्न प्रस्ताव गरिएको अवस्थामा सो सम्बन्धी अंशबण्डा लिखतको प्रतिलिपि वा अन्य कागजात । अंशवण्डा नभएको हकमा चल/ अचल संपति हस्तान्तरण भएको प्रमाण ।
- घरजग्गा विक्रीबाट प्राप्त आयको हकमा रकम स्पष्ट हुने रजिष्ट्रेशन लिखतको छविचित्र, लाभांशको हकमा त्यस्तो लाभांश प्राप्त गरेको कम्पनी, वर्ष, रकम आदि विस्तृत विवरण ।
- घरबहाल आयको हकमा सो सम्बन्धी सम्झौताको छविचित्र र कर चुक्ता गरेको प्रमाण सहितको आय विवरण, पारिश्रमिक आयको हकमा सम्बन्धित रोजगारदाताबाट प्रमाणित आयको विवरण ।
- कृषि आयको हकमा कहाँ र कुन स्थानको कति जमीन, स्वामित्व प्राप्त भएको मिति तथा कृषियोग्य आयआर्जन हो सो विवरण तथा सो व्यहोरा खुल्ने कागजात र लालपूर्जाको छविचित्र ।
- पेन्सन तथा अवकास रकमको हकमा सो वापत प्राप्त रकम प्रमाणित हुने पेन्सन पट्टा वा यस्तै अन्य आधिकारिक कागजात, रेमिटान्स बापत प्राप्त रकमको हकमा रेमिटान्स पठाउने र पाउने बीचको नाता, कहाँबाट के वापत यस्तो रेमिटान्स प्राप्त भएको हो सो खुल्ने कागजात ।
- माथि उल्लिखित श्रोत वाहेक अन्य श्रोतवाट लगानी गर्ने भएमा त्यस्तो श्रोत प्रमाणित हुने कागजात ।

(२) बैंक तथा वित्तीय संस्था संस्थापना गर्नका लागि यस बैंक समक्ष दर्ता भैसकेका तथा नयाँ दर्ता हुन आउने निवेदनहरुको सम्बन्धमा समेत उपरोक्त अनुसारको विवरण तथा कागजात पेश गर्न लगाई थप कारवाही अघि बढाउने ।

(३) कुनै व्यक्ति वा निकायवाट प्राप्त रकमबाट लगानी गरिएको भए त्यस्तो रकम प्रदान गर्ने व्यक्तिको श्रोत र के वापत किन प्राप्त भएको हो सो समेतको विवरण ।

म/ हामीले माथिको तालिकामा उल्लिखित विवरण बमोजिमको आम्दानी र सो आयमा प्रचलित कानून बमोजिम कुनै कर तिर्नु पर्ने अवस्थामा नेपाल सरकार तथा अन्य सम्बन्धित निकायलाई तिर्नु/बुझाउनु पर्ने कर/राजस्व रकम नियमानुसार चुक्ता गरेका छु/छौं । म/हामीले सम्पति शुद्धिकरण गरी गराई सोबाट आर्जन गरेको रकमबाट प्रस्तावित बैंक/वित्तीय संस्थामा लगानी गर्न लागेको हैन । मैले/हामीले लगानी गर्न प्रस्ताव गरेको रकमको आयस्रोतको सम्बन्धमा कानून बमोजिम सम्बन्धित निकायबाट कुनै कानूनी कारवाही भएमा प्रचलित कानून बमोजिम सजायको भागीदार रहन मञ्जुर रहेको व्यहोरा समेत अवगत

गराउँदछु । आयसंग सम्बन्धित सम्पूर्ण कागजातहरु पेश गरेको छु/छौ । पेश गरिएका विवरणहरु आधिकारिक निकायले माग गरेमा उपलब्ध गराउन समेत मंजुरी छ । साथै, कुनै आधिकारिक निकायबाट आय विवरण सम्बन्धी थप कागजात माग भएमा सो को प्रमाणित कागजात समेत उपलब्ध गराउने छु/छौं । माथि लेखिएको सम्पूर्ण विवरण र व्यहोरा ठीक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

१७. तपाई कुनै फौज्दारी अभियोगमा पर्नु भएको छ ?

☐ छ ☐ छैन

१८. आयकर दर्ता/चुक्ता भएको/आर्थिक वर्ष ……… सम्मको प्रमाण संलग्न छ ।

१९. तपाँईले अन्य बैंक तथा वित्तीय संस्थासंग कर्जा कारोवार गर्नु भएको छ ?

☐ छ ☐ छैन

(छ भने विस्तृत विवरण खुलाउनु होस् ?)

२०. निम्न प्रश्नहरुको जवाफ छ/छैनमा दिनुहोस् :

(क) तपाईंको विरुद्धमा अदालतमा कुनै अपराधिक कारवाई विरुद्ध मुद्दा चलेको छ ?
☐ छ ☐ छैन

(ख) तपाईंले कानून उल्लंघन गरेको कारणबाट सजायँ पाउनु भएको छ ?
☐ छ ☐ छैन

(ग) तपाईं संलग्न भएको कुनै संस्था टाट पल्टेको छ ?
☐ छ ☐ छैन

(घ) तपाईंले काम गरेको वा संचालक भएको वा तपाईंले ५ (पाँच) प्रतिशत भन्दा बढी शेयर लगानी गरेको संस्था कर्जा भुक्तानी गर्न नसकेको कारण कहिल्यै कालोसूचीमा परेको छ, छैन ।
☐ छ ☐ छैन

(ङ) गैर कानूनी रुपमा विदेशी मुद्रा कारोवारमा संलग्न हुनु भएको छ ?
☐ छ ☐ छैन

(च) तपाईं संलग्न भएको संस्था कहिल्यै अपराधिक कृयाकलापमा संलग्न भएको छ ?
☐ छ ☐ छैन

(छ) तपाईलाईं बैंक तथा वित्तीय संस्थाको कर्जा कारोवारमा दुरुपयोग गरेको र सन्तोषजनक नभएको भनी बैंक तथा वित्तीय संस्थाबाट कुनै अभिलेख गरेको छ ?

☐ छ ☐ छैन

(ज) तपाई कर्जा सूचना केन्द्रको कालोसूचीमा पर्नु भएको छ ?
☐ छ ☐ छैन

यदि परेको भए सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पुरा भएको छ ?
☐ छ ☐ छैन

(झ) तपाईं अन्य बैंक तथा वित्तीय संस्थाको बहालवाला कर्मचारी, सञ्चालक, लेखापरीक्षक कानूनी वा अन्य सल्लाहकार हुनुहुन्छ ?
☐ छ ☐ छैन

(ञ) तपाईं धितोपत्र दलाल वा बजार निर्माता रहनु भएको छ ?
☐ छ ☐ छैन

(ट) तपाई कुनै सार्वजनिक अपराध गरेको, कानून उल्लंघन गरेको वा प्रचलित कानून वमोजिम विघटनमा परेको कुनै संस्थामा कर्मचारी वा सल्लाहकारको रुपमा रहनु भएको छ ?

☐ छ ☐ छैन

(ठ) तपाई प्रचलित कानून वमोजिम दामासाहिमा पर्नु भएको छ ?

☐ छ ☐ छैन

(ड) तपाईले कुनै राजनैतिक पदमा निर्वाचित वा मनोनित प्रतिनिधिको रुपमा कामकाज गरिरहनु भएको छ ?

☐ छ ☐ छैन

(ढ) तपाईलाई प्रचलित कानून वमोजिम कुनै पेशा वा व्यवसाय गर्न रोक लगाइएको छ ?

☐ छ ☐ छैन

(ण) तपांईले लगानी गरेको अन्य फर्म/कम्पनी/संगठित संस्था नेपाल राष्ट्र बैंकले निरीक्षण तथा सुपरिवेक्षण गर्न चाहेमा मन्जुर छ ।

☐ छ ☐ छैन

(त) तपांईको नेपाल राष्ट्र बैंकमा सञ्चालक समिति लगायत अन्य कर्मचारीहरु नजिकको नातेदार रहेका छन् ?

☐ छ ☐ छैन (छ भने विस्तृत विवरण खुलाउनु होस)

यस प्रयोजनको लागि नजिकको नातेदार भन्नाले कंपनी ऐन २०६३ को दफा २ वमोजिम एकासगोलको अंशियार वा पति, पत्नी, बाबु, आमा, सासू, ससुरा, दाजु, भाई, दिदी, बहिनी, भाउजू, बुहारी, साला, साली, भिनाजू, काका, काकी, मामा, माइजू, छोरा, छोरी, छोरा, बुहारी, नाति, नातिनी, नातिनी, बुहारी वा ज्वाँई सम्झनु पर्छ ।

(थ) तपाईले यस बैंकबाट इजाजतपत्रप्राप्त अन्य बैंक तथा वित्तीय संस्थामा संस्थापकको हैसियतले लगानी गर्नुभएको छ ?

☐ छ ☐ छैन (छ भने विस्तृत विवरण खुलाउनु होस)

२१. यो प्रस्तावित बैंक/वित्तीय संस्थाको संस्थापकको हैसियतले मैले यस बैंक वा वित्तीय संस्थाको जारी पूँजीको ..... प्रतिशत शेयर लिन मञ्जुर गरेको छु । यो शेयर यस बैंकको चुक्ता पूँजीको १५ प्रतिशतभन्दा बढी छैन ।

२२. समय समयमा नेपाल राष्ट्र बैंकले निर्धारण गरे अनुरुप मेरो बैंक वा वित्तीय संस्थाको पूँजी पुऱ्याउने प्रतिवद्धता जाहेर गर्दछु ।

माथि उल्लेख गरिएको विवरण ठिक साँचो हुन् । यी कुनै पनि विषयमा जाँचबुझ/छानविन तथा मैले दिएको विवरण सार्वजनिक गर्न मेरो मञ्जुरी छ । झुठो भएमा यसैका आधारमा बैंक संस्थापना गर्ने इजाजत नदिएमा मेरो मञ्जुरी छ ।

दस्तखत :

नाम :

मिति :

ठेगाना :

टेलिफोन :

*अनुसूची ४*

श्री नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बैंक तथा वित्तीय संस्था नियमन विभाग
बालुवाटार, काठमाडौं ।

विषयः वित्तीय कारोबार गर्ने स्वीकृति पाउँ ।

महोदय,

त्यस बैंकको प.सं. .................. मिति .................... बाट ...... वर्गको इजाजतपत्र प्राप्त संस्थाका रुपमा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति ........................ मा संस्थापन गर्न पूर्व स्वीकृति लिई प्रचलित नेपाल कानून बमोजिम पब्लिक लिमिटेड कम्पनीका रुपमा दर्ता गराई संस्थापना भैसकेकोले तोकिएका आवश्यक कागजात एवं इजाजतपत्र दस्तुर सहित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम वित्तीय कारोवार गर्ने इजाजतपत्र पाउनको लागि यो निवेदन पेश गरेका छौं ।

*आवश्यक कागजात थान.......संलग्न छन् ।*

भवदीय,

.....................................

(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)

नामः

ठेगानाः

टेलिफोन नं :

फ्याक्स नं. :

इमेल ठेगाना :

मिति

## संस्थापकको लागि Fit and Proper Test मापनका आधारहरु

बैंक तथा वित्तीय संस्थाहरुको संस्थापना गर्ने क्रममा प्रस्तावित संस्थापकहरुलाई परीक्षण गर्ने क्रममा देहायका Fit and Proper Test मापनका आधारहरु तोकिएको छ :

१. **योग्यता (Qualification) :**

संस्थापकहरुमध्ये एक तिहाई संस्थापकहरु कम्तीमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने ।

२. **अयोग्य भएको मानिने अवस्था (Status of disqualification):**

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) बैंक वा वित्तीय संस्था संगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(च) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाई त्यस्तो सजाँय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,

(छ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,

(ज) नेपाल राष्ट्र बैंकले निलम्वन गरेको व्यक्तिको हकमा निलम्वन अवधिभर, र

(झ) नेपाल राष्ट्र बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्वन वा विघटनमा परेको संस्थाको हकमा त्यस्ता संस्था/सदस्यहरु त्यस्तो निलम्वन/विघटन परेको मितिले ३ वर्ष नपुगेको ।

३. **अनुसन्धान (Investigations):**

बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा दुरुपयोग गरी असुलीको क्रममा अदालतमा मुद्दा चलिरहेको व्यक्ति संस्थापक हुन पाउने छैन ।

४. **जालसाजी (Fraud ):**

बैंक तथा वित्तीय संस्थाको काम कारवाहीमा बेईमानी वा बदनियत गरेको कुरा प्रमाणित भएमा त्यस्तो व्यक्ति संस्थापक हुन सक्ने छैन ।

५. **दामासाहीमा परेको (Bankruptcy):**

प्रचलित कानून बमोजिम दामासाहिमा परेको व्यक्ति संस्थापक हुन सक्ने छैन ।

६. **आर्थिक हैसियत (Financial Soundness):**

संस्थापकहरुले बैंक तथा वित्तीय संस्थामा लगानी गर्न प्रस्ताव गरेको रकमलाई मूल्याङ्कन गर्दा निजको वित्तीय अवस्थाले बैंक सञ्चालनको लागि आवश्यक परेमा निजले गरेको लगानीको अनुपातमा थप पूँजी लगाउन सक्ने क्षमता हुनु पर्नेछ ।

७. प्रस्तावित संस्थाको संस्थापक नेपाल धितोपत्र बजारको बजार निर्माता वा धितोपत्र दलाल रहेको हुन हुने छैन ।

## सञ्चालकको लागि Fit and Proper Test मापनका आधारहरु

१. बैंक तथा वित्तीय संस्थाहरुको संस्थापना गर्ने क्रममा प्रस्तावित सञ्चालकको परीक्षण गर्ने क्रममा देहायका Fit and Proper Test मापनका आधारहरु तोकिएको छ :

**अयोग्य भएको मानिने अवस्था (Status of disqualification):**

(क) २१ वर्ष उमेर पूरा नभएको,

(ख) बहुलाएको वा मानसिक सन्तुलन ठीक नभएको,

(ग) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,

(घ) बैंक वा वित्तीय संस्था संगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ङ) कुनै बैंक, वित्तीय संस्था वा कुनै पनि प्रकारको निक्षेप सम्बन्धी व्यवसाय संचालन गर्ने वित्तीय संस्थाको सञ्चालक वा त्यस्ता संस्थामा कार्यरत कर्मचारी वा अन्य बैंक वा वित्तीय संस्थाको बहालवाला लेखापरीक्षक वा सल्लाहकार,

(च) सम्बन्धित बैंक वा वित्तीय संस्थासंग कुनै किसिमको ठेक्का पट्टामा हिस्सेदार रहेको,

(छ) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको,

(ज) बैंक वा वित्तीय संस्थाको नियमावली बमोजिम संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर नलिएको,

(झ) नेपाल सरकार, राष्ट्र बैंक वा बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी,

तर, नेपाल सरकारले शेयर खरिद गरेको बैंक वा वित्तीय संस्थामा वा कुनै बैंक वा वित्तीय संस्थाले शेयर खरिद गरेको अर्को बैंक वा वित्तीय संस्थामा संचालक मनोनीत भएकोमा यो व्यवस्था लागू हुने छैन ।

(ञ) राष्ट्र बैंकको गभर्नर, डेपुटी गभर्नर र विशिष्ट श्रेणीका कर्मचारीको पदमा बहाल रही सेवाबाट हटेको वा अवकास प्राप्त गरेको व्यक्ति भएमा सेवाबाट हटेको वा अवकाश प्राप्त गरेको मितिले कम्तीमा एक वर्ष पूरा नभएको,

(ट) प्रचलित कानून बमोजिम कर तिर्नुपर्ने दायित्व भई त्यस्तो कर चुक्ता नगरेको,

(ठ) नैतिक पतन देखिने फौज्दारी कसूरमा अदालतबाट सजाँय पाई त्यस्तो सजाँय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,

(ड) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,

(ढ) राष्ट्र बैंकको निर्देशन पालना नगरेको कारणबाट राष्ट्र बैंकले कारबाही गरेको ५ वर्ष नपुगेको ।

(ण) राष्ट्र बैंकले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्बन वा विघटनमा परेको मितिले पाँच वर्ष नपुगेको ।

२. **सञ्चालकको पदमा बहाल नरहने अवस्था (Status of disqualification for directorship):**

(क) उपदफा (१) मा लेखिए बमोजिम संचालकको पदमा नियुक्त हुन अयोग्य भएमा,

(ख) साधारण सभाले संचालकको पदबाट हटाउने प्रस्ताव पारित गरेमा,

(ग) संचालकले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) बैंक वा वित्तीय संस्थाको काम कारबाहीमा बेइमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) प्रचलित कानून र नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम संचालकले गर्न नहुने भनी तोकिएको कुनै काम गरेमा ।

३. **सञ्चालकलाई व्यवस्थापनबाट हटाएको वा निलम्वन गरेको अवस्था (Removal or Suspension):**

यस बैकको निर्देशन पालन नगरेको कारणबाट बैकले कारवाही गरेको वा व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्वन वा विघटनमा परेको मितिले ५ वर्ष नपुगेको व्यक्ति संचालक हुन सक्ने छैन ।

४. **अपराध गरेको वा कानून तोडेको अवस्था (Offences and Breaches):**

नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले ५ वर्ष नपुगेको व्यक्ति संचालक हुन सक्ने छैन ।

अन्य बैंक तथा वित्तीय संस्थामा सञ्चालक कर्मचारी, बहालवाला लेखा परीक्षक, सल्लाहकार रहेको व्यक्ति अर्को बैंक तथा वित्तीय संस्थाको सञ्चालक हुन पाउने छैन ।

५. **दोषीहरु उपर आवश्यक प्रशासनिक तथा अन्य आदेश दिएको अवस्था (Convictions or Administrative Orders):**

कालोसूचीमा परी फुकुवा भएको मितिले ३ वर्ष पुरा नभएको, अदालतबाट दोषी ठहर भई सजाय भुक्तान भएको मितिले ५ वर्ष पुरा नभएको र प्रचलित कानून बमोजिम सजाय पाएको व्यक्ति सञ्चालक हुन पाउने छैन ।

६. **अनुसन्धानको अवस्था (Investigations):**

प्रचलित कानून बमोजिम अपराध गरेको भनि अनुसन्धान वा छानविनको क्रममा रहेको र बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा दुरुपयोग गरी असुलीको क्रममा अदालतमा मुद्दा चलिरहेको व्यक्ति सञ्चालक हुन पाउने छैन ।

७. **दामासाहीमा परेको अवस्था (Bankruptcy):**

प्रचलित कानून बमोजिम दामासाहीमा परेको व्यक्ति सञ्चालक हुन पाउने छैन ।

*अनुसूची ७*

## प्रमुख कार्यकारी अधिकृत/प्रवन्ध संचालकको Fit & Proper Test मापन गर्ने आधारहरु

बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुने व्यक्ति देहाय वमोजिमको योग्यता पुरा भएको हुनुपर्नेछ :-

### १. शैक्षिक योग्यता (Academic Qualification):

कार्यकारी प्रमुखको नियुक्ति गर्दा कुनै विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरी बैंकिंग, वित्तीय वा संगठित क्षेत्रको कार्यकारी तह वा संचालक पदमा कम्तीमा पाँच वर्षको अनुभव भएको ।

***स्पष्टीकरण:*** यस उपदफाको प्रयोजनको लागि "कार्यकारी तह" भन्नाले कुनै सरकारी, बैंकिंग, वित्तीय, संगठित क्षेत्र वा अन्तर्राष्ट्रिय वित्तीय संघ, संस्थाको अधिकृत तहको वा सो सरह वा सोभन्दा माथिको पदलाई सम्झनुपर्छ ।

### २. व्यवस्थापन दक्षता र क्षमता (Managerial Skill & Competency):

(क) कार्यकारी प्रमुखको पदमा नियुक्ति हुने व्यक्ति बैंक तथा वित्तीय संस्था सम्वन्धी प्रचलित कानून र अन्य प्रचलित नेपाल कानून बमोजिम अयोग्य नभएको ।

(ख) बैंकिङ्ग कारोवारको लागि आवश्यक पर्ने व्यवसायिक अनुभव, संस्थाप्रति पूर्ण उत्तरदायी, सक्षम र योग्य ठानिएको ।

(ग) संस्थाको क्रियाकलाप सम्वन्धी प्रचलित कानून तथा यस बैंकको निर्देशन वारे पर्याप्त जानकारी भएको ।

(घ) संस्थाको आन्तरिक नीति नियमहरु, आन्तरिक नियन्त्रण, बजारको अवस्था, आन्तरिक तथा वाह्य वातावरण वारे पर्याप्त जानकारी हासिल गरेको ।

(ङ) सञ्चालक समिति तथा कर्मचारीहरुको वीचमा रहेर मध्यस्थताको कार्य गर्न सक्ने क्षमता तथा दक्षता हासिल गरेको ।

(च) संस्थालाई नेतृत्व प्रदान गर्न सक्ने, कर्मचारीहरुलाई उत्प्रेरणको माध्यमबाट अभिप्रेरित गरी सामूहिक भावनाको आधारमा संस्थागत लक्षहरु हासिल गर्न सक्ने भनि संचालक समितिबाट योग्य ठहर गरिएको ।

### ३. अपराध गरेको वा कानून तोडेको अवस्था (Offences and Breaches):

(क) आफ्नो पूर्व कारोवारमा यस बैकवाट निलम्वनमा नपरेको वा यस बैकवाट भएको अनुसंधानमा शंकास्पद कारोवारमा संलग्न भनी किटान नगरिएको वा त्यस्तो निलम्वनवाट फूकुवा भएको ५ वर्ष पुगेको वा त्यस्तो संकास्पद कारोवारको संलग्नतावाट सफाई पाएको ।

(ख) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले ५ वर्ष नपुगेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन सक्ने छैन ।

### ४. वर्तमान पदीय अवस्था (Present Designated Status):

अन्य बैंक तथा वित्तीय संस्थामा प्रमुख कार्यकारी अधिकृत कर्मचारी, बहालवाला लेखा परीक्षक, सल्लाहकार रहेको व्यक्ति अर्को बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

### ५. दोषीहरु उपर आवश्यक प्रशासनिक तथा अन्य आदेश दिएको अवस्था (Convictions or Administrative Orders):

कालोसूचीमा परी फुकुवा भएको मितिले ३ वर्ष पुरा नभएको र प्रचलित कानून बमोजिम सजाय पाएको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

### ६. अनुसन्धानको अवस्था (Investigations):

प्रचलित कानून बमोजिम अपराध गरेको भनि अनुसन्धान वा छानविनको क्रममा रहेको र बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा दुरुपयोग गरी असुलीको क्रममा अदालतमा मुद्दा चलिरहेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

### ७. दामासाहीमा परेको अवस्था (Bankruptcy):

प्रचलित कानून बमोजिम दामासाहीमा परेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

८. **राजनैतिक पद धारण गरेको अवस्था (Political office or position):**

व्यवस्थापिकाको  साँसद पदमा वाहाल रहेको, राजनीतिक दलको सदस्य रहेको तथा स्थानिय निकायमा निर्वाचित वा मनोनित पदाधिकारीको रुपमा रहेको व्यक्ति प्रमुख कार्यकारी अधिकृत हुन पाउने छैन ।

९. **वैयक्तिक गुणहरुको अवस्था (Personal Integrity):**

बैंक तथा वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृतको चरित्र, विगतका क्रियाकलापहरु र चालचलन राम्रो हुनु पर्नेछ ।